शोधार्थीलाई भइसकेका र भइरहेका शोधकार्यका बारेमा पनि जानकारी हुनु आवश्यक छ ।

## ३. शोधप्रस्तावको ढाँचा (Format of Research Proposal)

शोधप्रस्ताव आफ्नै अङ्गउपाङ्ग भएको संरचना हो । कुनै संस्थाको आयोजनामा गर्ने, गराइने वा विश्वविद्यालयबाट एम्. ए., पीएच्. डी., डी. लिट्. का लागि गरिने अनुसन्धानको प्रक्रिया र विषयअनुसार शोधप्रस्तावको ढाँचा वा रूपरेखा फरक-फरक हुन सक्छ । समान्यतया शोधप्रस्तावको संरचनामा निम्नलिखित घटक (Components) तत्त्व वा अङ्गहरू हुन्छन् :

### (१) शोधशीर्षक (Title)

निर्धारित शोधशीर्षक यस ढाँचामा लेख्नुपर्छ :

(क) यस शोधपत्रको शीर्षक **राउटे जातिको संस्कृति** हुनेछ ।

(ख) यस शोधपत्रको शीर्षक **भानुभक्तको आदिकवित्व** हुनेछ ।

(ग) यस शोधपत्रको शीर्षक **नेपालीका भाषिकाहरूको अध्ययन** हुनेछ ।

शोधक्षेत्रको चयन गरिसकेपछि त्यसैसँग सम्बद्ध शोधशीर्षकको निर्धारण गर्नुपर्छ । शोधक्षेत्रको चयन स्थूल निर्धारण हो भने शीर्षक चयन सूक्ष्म निर्धारण हो । शोधक्षेत्र व्यापक हुन्छ र त्यसबाट एउटा पक्ष निश्चित गर्ने कार्यलाई शीर्षक चयन भनिन्छ । के बारेमा अनुसन्धान गर्ने भन्ने कुराको यकिन गर्नु नै शीर्षक चयन हो । शोधशीर्षकलाई नै शोधसमस्या मानिन्छ । उपयुक्त, छोटोछरितो र स्पष्ट शीर्षक चयन गरिसकेपछि शोधका क्रममा आइपर्ने कठिनाइ निकै कम हुने हुनाले शीर्षक चयनलाई शोधको अति महत्त्वपूर्ण कार्य ठानिन्छ । शोधशीर्षक छान्नुअघि भइसकेका र भइरहेका शोधशीर्षक, प्राप्त सामग्री, पूर्वकार्यको अध्ययन र सर्वेक्षण गर्नुपर्छ ।

शोधशीर्षक चयन गर्दा निम्नलिखित कुरामा ध्यान दिनुपर्छ :

(क) शीर्षक शोधार्थीको रुचिअनुरूप हुनुपर्ने,

(ख) शोधार्थीको क्षमता, योग्यता र ज्ञानको सीमाभित्र हुनुपर्ने,

(ग) यथासम्भव छोटो, छरितो, स्पष्ट र समस्यामूलक हुनुपर्ने,

(घ) नयाँ, मौलिक, समाधानमुखी र सार्थक हुनुपर्ने,

(ङ) समस्याको क्षेत्रमा प्रकाश पार्ने खालको वा शीर्षकबाटै विषय बुझिने खालको हुनुपर्ने,

(च) सैद्धान्तिक र व्यावहारिक दृष्टिले उपयोगी हुनुपर्ने,

(छ) सामग्री, निर्देशक र सल्लाहकारको उपलब्धता हुनुपर्ने,

(ज) समय, साधन, श्रम र खर्चले भ्याउने खालको हुनुपर्ने ।

शोधशीर्षक विशिष्ट हुनुपर्छ । यो अति व्यापक र अति सूक्ष्म हुनु हुँदैन ।

शोधका लागि शीर्षक प्राप्त गर्ने विभिन्न स्रोतहरू हुन्छन् । निम्नलिखितमध्ये कुनै पनि स्रोतबाट प्राप्त गर्न सकिन्छ :

(क) पूर्ववर्ती शोधप्रबन्धको निष्कर्ष खण्डको अन्त्यमा सुझाइएका शीर्षकहरूबाट,
(ख) विशेषज्ञ, विद्वान्, प्राध्यापक, अनुसन्धाता, समालोचक, चिन्तक, विचारक, पाठ्यक्रम निर्देशक तथा सल्लाहकार आदिसँगको छलफल र परामर्शबाट,
(ग) प्राचीन वा स्थापित सिद्धान्तको अध्ययनबाट,
(घ) शोधकार्यमा संलग्न शोधार्थीहरूको सल्लाहबाट,
(ङ) सम्बद्ध विषयका विद्वान्हरूद्वारा लेखिएका लेखरचना तथा पुस्तकहरूको अध्ययनबाट,
(च) सम्बन्धित क्षेत्रको सर्वेक्षण र पूर्वकार्यको अध्ययनबाट,
(छ) शोधार्थीको अनुभव र ज्ञानबाट,
(ज) अन्तर्वार्ता, चर्चापरिचर्चा आदिबाट,
(झ) शोधका लागि निर्धारित शीर्षक सूचीबाट ।

(२) **शोधप्रयोजन** (Purpose)

शोधकार्य कुनै शैक्षिक तह पार गर्ने, कुनै उपाधि प्राप्त गर्ने, कुनै परियोजना पूरा गर्ने आदि विभिन्न प्रयोजनका लागि गरिन्छ । यसमा आफूले गर्ने शोधकार्य कुन प्रयोजनको पूर्तिका लागि गरिने हो भन्ने कुरा स्पष्ट पार्नुपर्छ, जस्तै–

(क) शैक्षिक तह पार गर्ने प्रयोजन : फलानो विषयको फलानो पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत,
(ख) उपाधि प्राप्त गर्ने प्रयोजन : फलानो विषयमा विद्यावारिधि वा महाविद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका निम्ति प्रस्तुत,
(ग) परियोजना पूरा गर्ने प्रयोजन : फलानो संस्थाद्वारा सञ्चालित फलानो परियोजना पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत ।

(३) **समस्याकथन** (Statement of the problem)

चयन गरिएको शोधशीर्षकअन्तर्गत मुख्य-मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो । यसमा शीर्षकसँग गाँसिएर उठ्ने मूलभूत प्रश्नहरू तथा शीर्षक महत्त्वपूर्ण हुने कारणहरू बताइन्छ । समस्याकथनका रूपमा प्रस्तुत प्रश्नहरूले नै समाधानको बाटो देखाउँछन् र यहींबाट शोधकार्यतिर उन्मुख हुने क्रम सुरु हुन्छ ।

समस्याकथन शोधकार्यको उद्देश्य प्राप्तिमा केन्द्रित र सम्भावित निष्कर्षतिर

लैजाने हुनुपर्छ। समस्याको मुख्य कथनपछि सामान्य कथन पनि आउन सक्छ। समस्या खास समाधान वा निष्कर्ष दिने खालको हुनुपर्छ। यो सामान्यतया घोषणात्मक कथन वा प्रश्नात्मक कथनका रूपमा हुने गर्छ। समस्या विशिष्ट हुनुपर्छ। समस्याकथन कार्यकारणशृङ्खलामा आबद्ध हुनु राम्रो हुन्छ। यो उत्तर वा निष्कर्षको निर्देश गर्ने खालको हुनुपर्छ र यसले अनुसन्धान क्रियाकलापमा प्रशस्त प्रकाश पार्नुपर्छ।

शोधशीर्षक वा मूल समस्यासँग सम्बन्धित समस्याहरूका केही नमुना यस प्रकार छन् :

(क) **राउटे जातिको संस्कृति** शीर्षकको समस्याकथन यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(अ) राउटेहरूको जातीय नालीबेली र बसोबास केकस्तो छ ?
(आ) राउटेहरूको आचरण, व्यवहार केकस्तो हुन्छ ?
(इ) राउटेहरूका सामाजिक व्यवहारहरू केकस्ता हुन्छन् ?
(ई) राउटेहरूको वर्तमान स्थिति र अवस्था केकस्तो छ ?

(ख) **भानुभक्तको आदिकवित्व** शीर्षकको समस्याकथन यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(अ) के भानुभक्त नेपालीका पहिला कवि हुन् ?
(आ) पूर्ववर्ती कविहरूका माझ भानुभक्तको केकस्तो स्थान छ ?
(इ) आदिकवि मान्ने आधारहरू केके हुन् ?
(ई) भानुभक्तको योगदान केके हुन् ?

(ग) **नेपालीका भाषिकाहरूको अध्ययन** शीर्षकको समस्याकथन यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(अ) भाषा र भाषिकामा के फरक छ ?
(आ) भाषिका छुट्टयाउने आधारहरू केकति छन् ?
(इ) नेपालीका केकति भाषिका छन् ?
(ई) प्रत्येक नेपाली भाषिकाका आधारभूत अभिलक्षण केके हुन् ?

### (४) शोधको उद्देश्य (Objectives)

समस्याकथनमा उठेका शोधसमस्याहरूसँग सम्बन्धित प्रश्नहरूको उत्तर वा समाधान खोज्ने काम गर्नु नै शोधको मुख्य उद्देश्य हो। यसमा केकस्ता समस्याको केकसरी समाधान निकाल्ने भन्ने कुरा ज्यादै महत्त्वपूर्ण हुन्छ र त्यही उद्देश्यमा केन्द्रित भएर काम गर्नुपर्छ। यसमा शोधार्थीले आफ्नो शोधकार्यमा खास गरी केकस्तो खोजी गर्ने हो भन्ने कुरा सरल र संक्षिप्त रूपमा किटान गर्नुपर्छ। समाधान खोज्दा समस्याकथन र उद्देश्यकथनका बीचमा परस्पर, निकट एवं घनिष्ठ सम्बन्ध हुन्छ भन्ने बिर्सनु हुन्न।

समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूलाई उद्देश्यकथनमा क्रमश: यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

**(क) राउटे जातिको संस्कृति**

(अ) राउटे जातिको नालीबेली र बसोबासबारे केलाउने,

(आ) राउटेहरूको आचरण र व्यवहार स्पष्टचाउने,

(इ) राउटेहरूको सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक, सांस्कृतिक पक्षहरूमाथि प्रकाश पार्ने,

(ई) राउटेहरूको वर्तमान स्थिति र अवस्थाको मूल्याङ्कन गरी निष्कर्ष दिने ।

**(ख) भानुभक्तको आदिकवित्व**

(अ) भानुभक्त नेपालीका पहिला कवि हुन् वा होइनन् ठम्याउने,

(आ) पूर्ववर्ती कविहरूको तुलना गरी भानुभक्तको स्थान निर्धारित गर्ने,

(इ) भानुभक्तलाई आदिकवि मान्ने र नमान्ने आधारहरू प्रस्तुत गर्ने,

(ई) भानुभक्तका योगदानको चर्चा गरी उनको आदिकवित्वको खण्डन वा मण्डन गर्ने ।

**(ग) नेपालीका भाषिकाहरूको अध्ययन**

(अ) भाषा र भाषिकाको परिभाषा गरी स्पष्ट भेद छुट्टचाउने,

(आ) भाषिका छुट्टचाउने भौगोलिक, सामाजिक आदि आधारहरू प्रस्तुत गर्ने,

(इ) नेपालीका भाषिकाहरू किटान गर्ने,

(ई) प्रत्येक नेपाली भाषिकाका समानता-भिन्नता जनाउने अभिलक्षणहरू केलाई निष्कर्ष दिने ।

**(५) पूर्वकार्यको समीक्षा** (Review of Literature)

शोधकार्य गर्दा सम्बन्धित शीर्षकमा संस्थागत, व्यक्तिगत र स्वतन्त्र रूपमा आफूभन्दा अघि केकति अध्ययनअनुसन्धान भएका छन् र केकति हुन बाँकी छन् भन्ने कुरा जान्नु अति आवश्यक हुन्छ । यसमा शोधसँग सम्बद्ध विषयमा केकति र केकस्ता कार्यहरू भइसकेका छन् भन्ने स्पष्ट परिदृश्य प्रस्तुत गर्नुपर्छ । आफूभन्दा अघि भएका कार्यहरूको संक्षिप्त रूपमा कालक्रमिक विवरण र समीक्षा प्रस्तुत गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । पूर्वकार्यको समीक्षा गर्दा पूर्ववर्तीहरूले गरेका अध्ययन-अनुसन्धानका सकारात्मक-नकारात्मक दुवै पक्षलाई निष्पक्ष रूपमा प्रस्तुत गर्नुपर्छ । यसमा सकारात्मक पक्षको समर्थन तथा नकारात्मक पक्षको खण्डन गरिन्छ । पूर्वकार्यको समीक्षाका अन्त्यमा आफूले गर्न चाहेको शोधको आवश्यकता दर्शाउनुपर्छ ।

पूर्वकार्यको समीक्षाले निम्नलिखित पक्षहरूको स्पष्टता एवं निर्धारणमा सहयोग पुऱ्याउँछ :

(क) शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न,
(ख) सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न,
(ग) अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न,
(घ) प्राक्कल्पनाको निर्माण गर्न,
(ङ) पुनरावृत्तिको सम्भावनालाई हटाउन,
(च) सम्भावित त्रुटिहरूबाट जोगिन,
(छ) नयाँ एवं उपयुक्त प्रविधि अपनाउन,
(ज) समस्याको चुरो पत्ता लगाउन,
(झ) समस्याको औचित्य स्थापित गर्न,
(ञ) विश्लेषणको आधार खोज्न,
(ट) शोधको आवश्यकता बोध गराउन ।

पूर्वकार्यको समीक्षा जति जटिल र गहन हुन्छ त्यति नै बढी आवश्यक र महत्त्वपूर्ण पनि हुन्छ ।

**(६) अध्ययनको औचित्य, महत्त्व र उपयोगिता** (Significance)

निकै समय, श्रम र धन खर्च गरेर गरिने शोधकार्यबाट प्राप्त निष्कर्ष त्यससम्बन्धमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक र व्यावहारिक रूपमा केकति औचित्यपूर्ण, महत्त्वपूर्ण र उपयोगी हुन सक्छ भन्नेबारे स्पष्ट जानकारी दिनुपर्छ । शोधकार्य कि नवीन ज्ञानप्राप्तिका लागि कि अझै गहन र पर्याप्त ज्ञानप्राप्तिका लागि गरिन्छ । यसर्थ पूर्वकार्यमा शोधसमस्याको समाधान पूर्ण नभएर अधुरो, अपूर्ण र अस्पष्ट भएकाले फेरि अध्ययन, अनुसन्धान, परीक्षण गर्नु आवश्यक भएको हुँदा प्रस्तावित शोधकार्य स्वाभाविक रूपमा औचित्यपूर्ण र महत्त्वपूर्ण छ भन्दै यसको उपयोगितासमेत दर्शाउनुपर्छ ।

शोधकार्य औचित्यपूर्ण नभएमा त्यो पुस्तकालयको दराज ढाक्ने भार मात्र हुन्छ ।

**(७) प्राक्कल्पना** (Hypothesis)

प्राक्कल्पना आवश्यक भएमा शीर्षकअनुरूप प्राक्कल्पनाको निर्धारण गरी त्यसको उल्लेख गर्नुपर्छ, जस्तै–

| शीर्षक | प्राक्कल्पना |
|---|---|
| (क) राउटे जातिको संस्कृति | राउटे संस्कृति प्राचीन र मौलिक संस्कृति हो । |
| (ख) भानुभक्तको आदिकवित्व | भानुभक्त नेपालीका आदिकवि हुन् । |
| (ग) नेपालीका भाषिकाहरूको अध्ययन | नेपाली भाषिकाका पाँच समूह छन् । |

पूर्वकार्यको समीक्षाले निम्नलिखित पक्षहरूको स्पष्टता एवं निर्धारणमा सहयोग पुऱ्याउँछ :

(क) शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न,
(ख) सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न,
(ग) अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न,
(घ) प्राक्कल्पनाको निर्माण गर्न,
(ङ) पुनरावृत्तिको सम्भावनालाई हटाउन,
(च) सम्भावित त्रुटिहरूबाट जोगिन,
(छ) नयाँ एवं उपयुक्त प्रविधि अपनाउन,
(ज) समस्याको चुरो पत्ता लगाउन,
(झ) समस्याको औचित्य स्थापित गर्न,
(ञ) विश्लेषणको आधार खोज्न,
(ट) शोधको आवश्यकता बोध गराउन ।

पूर्वकार्यको समीक्षा जति जटिल र गहन हुन्छ त्यति नै बढी आवश्यक र महत्त्वपूर्ण पनि हुन्छ ।

**(६) अध्ययनको औचित्य, महत्त्व र उपयोगिता** (Significance)

निकै समय, श्रम र धन खर्च गरेर गरिने शोधकार्यबाट प्राप्त निष्कर्ष त्यससम्बन्धमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक र व्यावहारिक रूपमा केकति औचित्यपूर्ण, महत्त्वपूर्ण र उपयोगी हुन सक्छ भन्नेबारे स्पष्ट जानकारी दिनुपर्छ । शोधकार्य कि नवीन ज्ञानप्राप्तिका लागि कि अझै गहन र पर्याप्त ज्ञानप्राप्तिका लागि गरिन्छ । यसर्थ पूर्वकार्यमा शोधसमस्याको समाधान पूर्ण नभएर अधुरो, अपूर्ण र अस्पष्ट भएकाले फेरि अध्ययन, अनुसन्धान, परीक्षण गर्नु आवश्यक भएको हुँदा प्रस्तावित शोधकार्य स्वाभाविक रूपमा औचित्यपूर्ण र महत्त्वपूर्ण छ भन्दै यसको उपयोगितासमेत दर्शाउनुपर्छ ।

शोधकार्य औचित्यपूर्ण नभएमा त्यो पुस्तकालयको दराज ढाक्ने भार मात्र हुन्छ ।

**(७) प्राक्कल्पना** (Hypothesis)

प्राक्कल्पना आवश्यक भएमा शीर्षकअनुरूप प्राक्कल्पनाको निर्धारण गरी त्यसको उल्लेख गर्नुपर्छ, जस्तै–

| शीर्षक | प्राक्कल्पना |
|---|---|
| (क) राउटे जातिको संस्कृति | राउटे संस्कृति प्राचीन र मौलिक संस्कृति हो । |
| (ख) भानुभक्तको आदिकवित्व | भानुभक्त नेपालीका आदिकवि हुन् । |
| (ग) नेपालीका भाषिकाहरूको अध्ययन | नेपाली भाषिकाका पाँच समूह छन् । |

**प्राक्कल्पना र हाइपोथिसिस समानान्तर शब्द हुन् । हाइपोथिसिस शब्द Hypo र Thesis दुईवटा शब्द मिलेर बनेको छ । यसको अर्थ निम्नलिखित दुई प्रकारले लगाइन्छ :**

(क) **Hypo** = सम्भावित वा पुष्टि गरिने, **Thesis** = समस्या समाधानको कथन ।

(ख) **Hypo** = दुई वा दुईभन्दा बढी विकल्पहरु (Variables) को सम्मिश्रण, **Thesis** = विकल्पहरूका स्थितिको प्रदर्शन ।

दुई वा दुईभन्दा बढी विकल्पहरूका सम्बन्धको व्याख्या, अवलोकन, परिभाषीकरण, परीक्षण गरी औपचारिक रूपमा निकालिने सकारात्मक कथनलाई प्राक्कल्पना भनिन्छ । विकल्पहरूको सम्मिश्रण र तिनका स्थितिको पुष्टि प्रमाणका आधारमा गर्न सकिन्छ । यो समस्याको समाधानका लागि गरिने अस्थायी प्रस्ताव हो र यसलाई तर्कसङ्गत रूपमा परीक्षण गरिन्छ । यो शोधको उद्देश्यसँग मेल खाने खालको हुनुपर्छ ।

समस्याकथनमा उठाइने समस्याहरूको मोटामोटी जबाफ, सम्भावित समाधान प्राक्कल्पना हो र शोधका सम्पूर्ण क्रियाकलाप यसैमा केन्द्रित हुन्छन् । समस्याको सम्भावित समाधान मानिने प्राक्कल्पनाले शोधप्रक्रियामा दिशा वा आधार प्रदान गर्दछ र यस कथनलाई अस्थायी रूपमा ठीक मानेर पुष्टि गर्ने प्रयास गरिन्छ । यसरी विभिन्न विकल्पहरूद्वारा निर्मित परीक्षणयोग्य पूर्वानुमान वा पूर्वाध्ययनका आधारमा तयार गरिने पूर्वधारणालाई प्राक्कल्पना भनिन्छ ।

प्राक्कल्पना दुई वा दुईभन्दा बढी विकल्पनहरूका बीचमा सम्बन्ध स्थापित गरी परीक्षण गर्न सकिने सामान्यीकरणयुक्त कथन हो । विभिन्न विकल्पहरूमध्ये एउटा मूल हुन्छ र त्यसलाई अरूका आधारमा जाँच गरिन्छ । निर्धारित विकल्पमध्ये एउटालाई विकल्प बनाएमा अरूलाई पनि खोतलेर हेर्नुपर्छ । होभन्दा होइनलाई पनि हेर्नुपर्छ । प्राक्कल्पना एउटै विषयमा एकभन्दा बढी पनि हुन सक्छन् । विकल्पहरूलाई सम्बन्ध र तथ्याङ्कनको कथन मानिने प्राक्कल्पनालाई बौद्धिक अनुमान पनि भनिन्छ । यो मूल समस्यासँग जोडिएको हुनाले यसले शोधार्थीलाई मार्गनिर्देश गर्दछ र सोझो बाटोतिर डोऱ्याउँछ ।

**प्राक्कल्पनाले निम्नलिखित कार्य गर्दछ :**

(क) शोधकार्यको क्षेत्र सुनिश्चित र सीमित पार्छ,

(ख) शोधार्थीलाई शोधकार्यका लागि संवेदनशील तुल्याउँछ र उचित दिशा प्रदान गर्छ,

(ग) सामग्रीसङ्कलनका लागि सरल र सुगम बाटो प्रदान गर्छ,

(घ) शोधनिष्कर्ष वा सामान्यीकरण निकाल्न सहयोग पुऱ्याउँछ ।

**प्राक्कल्पनाका स्रोतहरू निम्नलिखित छन् :**

(क) शोधार्थीको अभ्यास, अध्ययन, अनुभव, अन्तर्दृष्टि, अवलोकन निरीक्षण,
(ख) पूर्वअन्वेषणबाट स्थापित सिद्धान्त,
(ग) सम्बन्धित क्षेत्रमा भएका पूर्वकार्य वा अनुसन्धान,
(घ) विषयक्षेत्रको विश्लेषण र समीक्षा,
(ङ) अनुभवी व्यक्तिहरूसँगको छलफल,
(च) विचारगोष्ठी,
(छ) शोधसँग सम्बद्ध अन्य क्षेत्र ।

**प्राक्कल्पनाका निम्नलिखित विशेषताहरू हुन्छन् :**

(क) धारणात्मक र सैद्धान्तिक स्पष्टता हुन्छ,
(ख) शुद्ध, असन्दिग्ध र परीक्षणीय हुन्छ,
(ग) विशिष्टीकृत र तर्कसङ्गत हुन्छ,
(घ) उपलब्ध प्रविधि र सिद्धान्तसँग सम्बन्धित हुन्छ,
(ङ) सरल, संक्षिप्त र सीमित हुन्छ,
(च) निगमनात्मक चिन्तनमा आधारित हुन्छ,
(छ) समस्याको पर्याप्त उत्तर दिने खालको हुन्छ,
(ज) सार्वजनीन सत्यसँग मेल खाने हुन्छ,
(झ) सुगमतापूर्वक सामग्री प्राप्त हुन्छ,
(ञ) प्रविधिको क्षमताअनुकूल हुन्छ ।

वैज्ञानिक अनुसन्धानमा प्राक्कल्पनाको महत्त्वपूर्ण भूमिका रहन्छ । शोधको सम्भावित सामान्यीकरण भएकाले यसले सामग्री सङ्कलन, विश्लेषण र प्रयोगमा शोधार्थीलाई दिशा प्रदान गर्दछ । भाषासाहित्यका क्षेत्रमा गरिने अनुसन्धानमा अपरिहार्य नभए पनि अन्य विषयक्षेत्रमा गरिने अनुसन्धानमा यसको भूमिका उच्च रहन्छ । सबै प्राक्कल्पना पुष्टि हुन्छ नै भन्ने छैन, यो पूर्ण पुष्टि वा मण्डन, अपुष्टि वा खण्डन, आंशिक पुष्टि वा हेरफेर पनि हुन सक्छ । पुष्टि, खण्डन, मण्डन, संशोधन जे भए पनि शोधकार्यलाई गति प्रदान गर्न यसको गहन भूमिका हुन्छ ।

उत्तम प्राक्कल्पनामा सम्बन्धित समस्याको पर्याप्त उत्तर रहन्छ । यो सरल, तार्किक, परिमाणात्मक, स्पष्ट पुष्टि वा खण्डन गर्न सकिने हुनुपर्दछ ।

### (८) अध्ययनको सीमाङ्कन (Limitation)

शोधशीर्षकले अध्ययन गरिने सम्पूर्ण पक्षलाई समेट्न गाह्रो हुने भएमा ती विभिन्न पक्षहरूमध्ये यतिलाई छोडेर यतिमा केन्द्रित भई अनुसन्धान गरिनेछ भनी स्पष्ट रूपमा सीमानिर्धारण गर्नुपर्दछ । शोधकार्यअन्तर्गत कुन विषयक्षेत्रमा केकति

गर्ने र केके नगर्ने विवरण प्रस्तुत गर्नु आवश्यक हुन्छ । सीमाङ्कन नगरिएमा शोधकार्य छरपस्ट हुने र ठीक निष्कर्ष ननिस्कने सम्भावना रहन्छ । सीमानिर्धारण गरेपछि विकल्पहरू र अप्रचलित पदावलीहरू (Terms) परिभाषित गर्ने काम तथा उद्देश्यअनुरूप स्पष्ट र चाहिँदो निष्कर्ष निकाल्ने काम सजिलो हुन्छ ।

(९) **सामग्री सङ्कलन विधि** (Data Collection Methods)

यसमा शोधविषयसँग सम्बद्ध तथ्याङ्क र अन्य आवश्यक सामग्री कसरी, कुन स्रोतबाट वा कहाँबाट जुटाउने भन्ने कुराको खोलुवा दिनुपर्दछ । पुस्तकालयीय, प्रयोगशालीय, क्षेत्रीय (अन्तर्वार्ता-प्रश्नावली) सर्वेक्षण, नमुना छनौट आदि विभिन्न सामग्रीसङ्कलनका विधिहरूमध्ये कुनकुनबाट, केकसरी र केकस्ता सङ्कलन र विश्लेषण गरी निष्कर्षमा पुग्ने भन्ने कुराको उल्लेख गर्नुपर्दछ । सङ्कलित सामग्रीका बीचमा अन्तर्सम्बन्ध देखाउने र विश्लेषण गरी सामान्यीकरण गर्ने प्रक्रियाको सङ्केतसमेत गर्नु राम्रो हुन्छ ।

(१०) **सैद्धान्तिक ढाँचा र शोधविधि** (Model and Methodology)

सङ्कलित सामग्रीहरूलाई विभिन्न सिद्धान्त, वाद, प्रणाली आदि सैद्धान्तिक पक्षको यथास्थान प्रयोग गरी विश्लेषण गर्ने र शोधकार्य केकसरी गर्ने भन्ने जानकारी दिनुपर्दछ । यसमा ऐतिहासिक, वर्णनात्मक, प्रयोगात्मक, तुलनात्मक, विश्लेषणात्मक, अन्तर्विषयक आदि शोधविधिहरूमध्ये कुनकुनको प्रयोग गर्ने भन्ने सङ्केत गर्नुपर्दछ ।

(११) **शोधपत्रको रूपरेखा** (Chapterization)

शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि शोधको विषयविभाजन केकति खण्ड, अध्याय, शीर्षक, उपशीर्षकहरूमा केकसरी गर्ने भन्ने कुराको उल्लेख गरिन्छ । यसरी अनुमानित रूपमा उल्लेख गरिएको रूपरेखा शोधकार्यका अन्त्यमा आवश्यकताअनुसार थपघट हुन सक्छ । सुरुमा शोधपत्रको रूपरेखा यति नै परिच्छेदमा विभाजन गर्ने भनेर किटान गर्न नसकिए पनि शोधकार्यलाई व्यवस्थित रूपमा अघि बढाउन शोधपत्रको संक्षिप्त सम्भावित रूपरेखा प्रस्तुत गर्नु आवश्यक हुन्छ, जस्तै–

पहिलो परिच्छेद : ..........................
दोस्रो परिच्छेद : ..........................
तेस्रो परिच्छेद : ..........................
चौथो परिच्छेद : ..........................
पाँचौं परिच्छेद : ..........................
परिशिष्ट :
सन्दर्भग्रन्थसूची :

(१२) **समयावधि र लागत** (Timing and Budgeting)

कुनै सङ्घसंस्थाको योजना वा परियोजनाअन्तर्गत गरिने शोधप्रस्तावमा कार्य सम्पन्न गर्न लाग्ने समय र आर्थिक लगानी पनि विस्तृत रूपमा प्रस्तुत गर्नुपर्छ तर व्यक्तिगत रूपमा (एम्.ए., विद्यावारिधि आदि) बौद्धिक-प्राज्ञिक विकासका लागि गरिने शोधकार्यको प्रस्तावमा भने यी कुराको विस्तृत विवरण प्रस्तुत गर्नु आवश्यक हुँदैन ।

(१३) **सन्दर्भग्रन्थसूची** (Bibliography)

शोधप्रस्तावको अन्त्यमा शोधप्रस्ताव तयार पार्दा प्रयोग गरिएका पुस्तक, लेख, पत्रपत्रिका, शोधपत्र आदिको विवरण लेखकका नामको वर्णानुक्रमका आधारमा दिनुपर्छ । यो विवरण दिँदा पूर्वकार्यको समीक्षामा उल्लेख गरिएका तथा अरू प्रयोग गरिएकै सामग्री मात्र दिनुपर्छ, सूची बढाउनका लागि अनावश्यक र अप्रासङ्गिक सामग्रीको थुप्रो लगाउनु हुँदैन ।

पुस्तकसूची तयार पार्दा लेखकको नाम, पुस्तकको नाम, प्रकाशन स्थान, प्रकाशक, प्रकाशन मिति आदि क्रमश: लेख्नुपर्छ । पत्रिकासूची तयार पार्दा लेखकको नाम, 'लेखको शीर्षक', पत्रिकाको नाम, वर्ष, अङ्क, साल, महिना, पृष्ठ आदि क्रमश: लेख्नुपर्छ । यसको नमुना पछाडि दिइएको छ ।

शोधप्रस्ताव शोधपत्रको अभिन्न अङ्ग हो । यसलाई सुरुमा तयार पार्दा सामान्य भविष्यत्को भाषा प्रयोग गरिन्छ र शोधकार्य पूरा भएपछि यसलाई काटछाँट गरी पूर्ण वर्तमानको भाषामा पुनर्लेखन गरेर शोधपत्रको पहिलो परिच्छेदमा राखिन्छ ।